REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 21.05.2025

---

नरेन्द्र मोदी- एस के एम

भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीले सुन्दर हिमाली राज्य सिक्किमको 50 औं राज्य स्थापना दिवस समारोहमा सहभागिताका लागि स्वीकृति प्रदान गर्नुभएकोमा सिक्किम क्रान्तिकारी मोर्चा एस के एम पार्टीले हार्दिक स्वागत तथा आभार प्रकट गरेकोछ।

हिजो सांझ प्रधानमन्त्री निवास, नयाँ दिल्लीमा सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङले यस संबधमा, प्रधानमन्त्री मोदीलाई सिक्किम आउने औपचारिक निमन्त्रण दिनुभएको थियो जसलाई उहाँले स्वीकार गर्नुभएकोछ।

प्रधानमन्त्रीले आगामी 29 मई दिन सिक्किममा 50 रूपियाँको एतिहासिक स्मारक सिवका जारी गर्नुहुनेछ।

---

शेप अफ मोमो- केन्नेस फिल्म

निर्मारित रहेको नेपाली भाषाको फीचर फिल्म शेप अफ मोमो 2025 को कान फिल्म समारोहमा प्रतिष्ठित HAF Goes To Cannes का लागि छनोट गरिएकोछ । सिक्किमकी त्रिवेनी राई द्वारा निर्देशित यो फिल्म, पाँचवटा एशियाली निर्माणारत फीचर फिल्महरू मध्ये एक हो।

---

कैलाश मानसरोवर यात्रा ड्र

यस वर्षको मानसरोवर यात्राका लागि कुल 750 तीर्थयात्री छनोट भएका छन् । आज नयाँ दिल्लीमा विदेश राजमन्त्री श्री कीर्तिवर्धनको उपस्थितिमा अनलाइन कम्प्युटराइज्ड ड्र । मार्फत तीर्थयात्रीहरूको छनोट गरिएको थियो । तीर्थयात्रीहरूको पहिलो समूह, जुन 30 मा प्रस्थान गर्नेछ । अन्तिम समूहले यस वर्ष अगस्त 15 मा यात्रा समापन गर्नेछ । यस वर्ष, 50 तीर्थयात्रीहरूको कुल 15 समूह कैलाश मानसरोवर यात्राका लागि प्रस्थान गर्नेछन् । 15 वटा समुहमध्ये पाँचवटा उत्तराखण्डको लिपुलेख मार्गबाट अनि 10 वटा समुहले सिक्किमको गर्दै श्री

वर्धनले तीर्थयात्रीहरूलाई सहज र सुरक्षित अनुभव प्रदान गर्न व्यापक व्यवस्था गरिएको बताउनुभयो। उहाँले तीर्थयात्रीहरूको सुरक्षा सर्वोच्च प्राथमिकता भएको बताउनु भयो। यसका लागि भारत- तिब्बत सीमा पुलिस र अन्य सुरक्षा बलहरू तैनाथ गरिएको उहाँले जानकारी दिनुभयो।

---

इशा क्षेत्री- यूवीका- 2025

पश्चिम सिक्किमको गेजिङ जिल्लामा पर्ने हियांङथाङकी मेधावी छात्रा इशा छेत्री भारतको प्रतिष्ठित अन्तरिक्ष अनुसन्धान संस्थान ISRO द्वारा आयोजित युवा वैज्ञानिक कार्यक्रम- YUVIKA 2025 मा सहभागिताका लागि छनोट भएकी छिन्।

YUVIKA 2025 कार्यक्रम, 19 देखि 30 मई सम्म हैदराबाद स्थित National Remote Sensing Centre मा संपन्न भईरहेकोछ। यस कार्यक्रमले किशोर विद्यार्थीहरूलाई अन्तरिक्ष विज्ञान, प्रविधि र अनुसन्धान तर्फ अभिप्रेरित गर्न लक्ष्य राखेकोछ। कार्यक्रममा सहभागीहरूले ISRO का वैज्ञानिक, इन्जीनियर तथा अन्य विष्यका विशेष्टहरूसंग प्रत्यक्ष अन्तरक्रिया गर्ने, प्रयोगशाला भ्रमण गर्ने, परियोजना कार्यक्रमहरूमा संलग्न हुने र विविध प्रशिक्षणहरू प्राप्त गर्ने अवसर पाएका छन्।

इशाको यो ऐतिहासिक सफलता सिक्किमका अन्य विद्यार्थी र युवाहरूलाई पनि विज्ञान, अनुसन्धान र अन्तरिक्ष प्रविधि प्रति आकर्षित गराउने प्रेरणादायी घटना बनिने विश्वास गरिएकोछ।

---

आई ए एस-राज भवन

भारतीय प्रशासनिक सेवा, आई ए एस का नियुक्त अधिकारीहरूको एक समूहले आज राजभवनमा सिक्किममा राज्यपाल ओम प्रकाश माथुरसित भेट गरयो। मसूरीको लाल बहादुर शास्त्री राष्ट्रीय प्रशासनिक एकेडमीमा ती अधिकारीहरूको आधारभूत प्रशिक्षण चली रहेकोछ। आफ्नो भारत दर्शन भ्रमणको एक भाग अन्तर्गत उनीहरू सिक्किम आएका हुन्। राज्यपाल माथुरका साथ कुराकानीको बेला, अधिकारीहरूले सिक्किम भ्रमणका आफ्ना विचार र अनुभवहरू साझ गरे। उनीहरूले विभिन्न क्षेत्रहरू विशेषगरि महिलाहरूको उद्यमिता क्षेत्रमा उच्च भागीदारी, सेवच्छता र विकसित नागरिक भावनाका लागि सिक्किमको प्रशन्सा गरे।

नियुक्त आई ए एस अधिकारीहरूले जैविक कृषि प्रति राज्यको प्रतिबद्धताको समेत प्रशन्सा गरे।

सिक्किमका राज्यपालले, सिक्किम, महिला सशक्तिकरणको प्रकाशस्तंभ भएको भन्नुभएकोछ । राज्यमा विभिन्न क्षेत्रहरूमा महिलाहरू, अग्रिम पंक्तिमा रहेकी छिन्, उहाँले भन्नुभयो । सिक्किमको शून्य अपराध दर संबधी घतलाग्दो उपलब्धि पनि उहाँले उजागर पार्नुभयो । राज्यमा साक्षरता दरमा प्रभावशाली वृद्धि बारे प्रकाश पार्दै मौसमका प्रटिकूल परिस्थितिहरूमा पनि मानिसहरूले दर्शाएका सांमजस्यबारे श्री माथुरले बताउनुभयो । भारी वर्षा जस्ता चुनोतिहरू भएतापनि, राज्यमा काम कहिले पनि रोकिंदैन, उहाँले भन्नुभयो ।

उहाँले मेरो रूख, मेरो सन्नति जस्ता राज्य पहलको अभूतपूर्व सफलताबारे बताउँदै हरित सिक्किमको निर्माण तर्फ विभिन्न विभागहरू बीच प्रभावी समन्वयको प्रशन्सा समेत गर्नुभयो । श्री माथुरले 1967 मा भारत र चीन बीच नाथूला भीड़न्तको बेला, मेजर जनरल सगत सिंह द्वारा खेलिएको महत्वपूर्ण भूमिकाबारे बोल्दै राष्ट्रको रक्षामा उहाँको साहसपूर्ण योगदार भएको भन्नुभयो ।

---

## धर्मेन्द्र प्रधान- सिक्किम पोषण

केन्द्रिय शिक्षा मन्त्री श्री धर्मेन्द्र प्रधानले आफ्नो सोसियल मिडिया ह्यान्डलमा सिक्किममा प्रधानमन्त्री पोषण योजनाको प्रभावकारी सफलताको प्रशंसा गर्नुभएको  छ । केन्द्रिय मन्त्रीले सिक्किममा प्रधानमन्त्री पोषण योजना कुन गतिमा अघि बढिरहेको छ भन्ने विषयमा एउटा भिडियो साझा गर्नुभएको छ ।

---